# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
# गौमुल गाउँपालिका
# बाजुरा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. ४१५ मितिः २०७९।३।१९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
गौमुल गाउँपालिका, बाजुरा ।

**कैफियत सहितको राय**

हामीले **गौमुल गाउँपालिकाको** आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रु. १ करोड ५१ लाख ७२ हजार बेरुजु देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. २ लाख ७६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु. ५६ लाख ८३ हजार, नियमित गर्नुपर्ने रु. ९२ लाख १३ हजार रहेको छ । गत वर्षसम्म रु.३ करोड ६२ लाख ३५ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फर्स्योट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.५ करोड १४ लाख ७ हजार रहेको छ ।यस गाउँपालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।
२. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, दरबन्दी बाहिरको करार कर्मचारी नियुक्त गरी रकम भुक्तानी गरेको, निर्माण कार्यमा गुणस्तर परीक्षण नगरेको, उपभोक्तामार्फत जटिल संरचना निर्माण गरेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।**गाउँ** कार्यपालिका, **अध्यक्ष** र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

## गौमुल गाउँपालिका, बाजुरा

## बेरुजु बर्गीकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५३ | ३४ | १५१७२ | ० | ० | ० | ५३ | ३४ | १५१७२ | २७६ | ९२१३ | ५६८३ | ० | ० | १५१७२ | ० |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको **फस्यौंट** | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| ३६२३५ | ० | ० | ३६२३५ | ० | १५१७२ | ५१४०७ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : गौमुल गाउँपालिका, बाजुरा , गाउमूल गाउँपालिका , बाजुरा

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | जगदिश प्रसाद भट्ट | २०७६-९-२७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | भरत प्रसाद न्यौपाने | २०७७-१०-२१ | |
| लेखा प्रमुख | दिलिप कुमार शाही | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | १५,१७२,०८९ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ४,३८,०३,२१८ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३०,७०,६६,२५३ | **चालु खर्च** | २५,०६,९१,६९८ |
| **प्रदेश सरकारबाट अनुदान** | १,७५,६१,००० | **पूँजीगत खर्च** | १३,१३,२५,८८४ |
| **राजश्व बाँडफाँट** | ४,३१,३४,०३६ | **वित्तीय/अन्य व्यवस्था** | ७,७४,३३,५२१ |
| **आन्तरिक आय** | १०,१०,७५० | | |
| **अन्य आय** | ५,७७,६९,२११ | | |
| **कुल आय** | ४२,६५,४१,२५० | **कुल खर्च** | ४५,९४,५१,१०३ |
| **बाँकी मौज्दात** | | १,०८,९३,३६५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रबर्द्धन गर्न र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ६ वडा, ३४ सभा सदस्य, ३१४.६६ वर्ग किलोमिटर क्षेत्रफल तथा १०६९४ जनसंख्या रहेको छ ।<br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ।उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७८/६/१४ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् :<br>**लेखापरिक्षणको क्रममा असुली : ६४०९८५.०**<br>**वित्तीय विवरण विश्लेषण**<br><br>**वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु १८८३८२१०.९ ले फरक देखिएको छ।सोको बैँक हिसाब मिलान गाउँपालिकाले तयार गरेको छैन। त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २ | | | **बैंक हिसाब मिलान**<br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खातामा निम्नानुसार रकम फरक देखिएको छ।बैंक मौज्दात तथा श्रेस्ताको मौज्दातमा रु १८८३८२१०.९ फरक देखिएकोमा, कार्यालयले सोको बैंक हिसाब मिलान तयार गरेको छैन। | |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | सञ्चित कोष | ५५२८०२४.० | ४०१८३२१.४ | १५०९७०२.६ |
| २ | चालु खाता | ० | ६६६६१४.७ | ६६६६१४.७ |
| ३ | पूँजीगत खाता | ० | १६३७७३७०.१ | १६३७७३७०.१ |
| ४ | धरौटी खाता | ३३५९२५८.९ | ४५५३७८१.५ | ११९४५२२.५ |
| ५ | कल्याण कोष खाता | ० | ० | ० |
| ६ | प्रकोप व्यवस्थापन कोष खाता | १०९००.० | १९९००१.९ | ९०००१.० |
| जम्मा | | | | १८८३८२१०.९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३ | | | **खर्च विवरण**<br>कार्यालयले पेश गरेको आर्थिक विवरण अनुसार चालु खर्च रु २५०,६९१,६९८ र पूँजिगत खर्च रु १३१,३२५,८८४ गरी कुल रु ३८२०१७५८२.० खर्च भएको छ।कार्यालयको सूत्र विवरण अनुसार कुल रु ३५१२७०३६९.० खर्च देखिएकोमा, कार्यालयको श्रेस्ता तथा सूत्रमा रु ३०७४७२१३.० खर्च फरक देखिएको छ। यससम्बन्धमा कार्यालयले खर्च समायोजन खाता तयार गरी रकम फरक सम्बन्धमा एकिन गर्नुपर्दछ। | |
| | | | | |

| क्रैम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रन्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खतामा रु ६६६६१४.७ पुजीगत खर्च खातामा रु१६३७७३७०.१ र विभाज्यकोषमा रु ० समेत गरी रु १७०४३९८४.८ मौज्दात रहेको पाईयो ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा गाउँपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।<br>• गाउँपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । • वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी गाउँपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको पाईएन<br>• कुनै रकम रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अवागै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरि खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।<br>तसर्थ गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५ | | | **बजेट तथा कार्यक्रम**<br>**बजेट पेश, पारित र अख्तियारी** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्षले मिति २०७७/३/१० गते रु ३२ करोड २८ लाख ७६ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७७/३/११ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७/४/१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **चौमासिक खर्च**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च (रु हजारमा) | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| चालु खर्चतर्फ | २२९३६९ | 23737 | 73500 | 132132 | 60201 |
| पूँजिगत खर्चतर्फ | 119747 | 1124 | ३३२०० | ८५४२३ | 44858 |
| जम्मा | ३४९११७ | २४८६१ | १०६७०० | २१७५५५ | १०५०६० |
| प्रतिशत | | ७.१२ | ३०.५ | ६२.३ | ३० |

गाउँपालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. ३४ करोड ९१ लाख १७ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु. २ करोड ४८ लाख ६१ हजार अर्थात ७.१२ प्रतिशत, दोश्रो चौमासिकमा रु. १० करोड ६७ लाख अर्थात ३०.५ प्रतिशत र तेश्रो चौमासिकमा रु.२१ करोड ७५ लाख ५५ हजार, अर्थात ६२.३ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.१० करोड ५० लाख ६० हजार अर्थात ३० प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **क्षेत्रगत बजेट तथा खर्चको स्थिति**<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस गाउँपालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।<br>(तालिका तल)<br>उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी सामाजिक विकासमा र घटीमा वातावरण तथा विकासमा रहेको छ । | |

| क्र.स | क्षेत्र | बजेट | खर्च |
|---|---|---|---|
| १ | आर्थिक विकास | ३६,२७७,०००.० | ३४,०२९,९६६.२ |
| २ | पूर्वाधार विकास | ९९,१११,०७७.० | ८९,२२८,५५६.२ |
| ३ | सामाजिक विकास | १४७,४५३,०००.० | १३७,१५४,६५२.० |
| ४ | बातावरण तथा विकास | ० | ० |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ८०५७,०००.० | ७८७५,१०५.० |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ६३,८२१,९३७.० | ६२,१८२,०८८.० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८</td><td></td><td></td><td>खर्चको विश्लेषण<br>गाउँपालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु १०१०७५० राजस्व बाँडफाँड र अनुदानबाट रु४२५५३०५००.० तथा गत वर्षको अल्या रु ४३८०३२१८.० समेत रु ४७०३४४४६८.० आम्दानी भएकोमा चालु तर्फ रु २५०,६९१,६९८ र पूँजिगत तर्फ रु १३१,३२५,८८४ तथा अन्य खर्च र संघ प्रदेश फिर्तासमेत रु ४०५५०२६६९.० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.२३ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु ६२९८५०० खर्च भएको छ जुन आन्तरिक आयको ६२३.१५ प्रतिशत रहेको छ । गाउँपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट प्रतिशत चालुमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>लक्ष्य प्रगति<br>कार्यालयको चौमासिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला स्तरिय तथा केन्द्रिय स्तरियका ६६९ योजनाको नियम बमोजिमको उल्लेखित ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने कार्यकारी, प्राविधिक कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ ।
<table>
<tr><th rowspan="2">कार्यक्रम/योजना</th><th rowspan="2">कुल कार्यक्रम</th><th colspan="4">वार्षिक प्रगति स्थिती</th></tr>
<tr><th>शून्य प्रगती</th><th>२५%सम्म प्रगति</th><th>५०% सम्म प्रगति</th><th>७५% सम्म प्रगति</th></tr>
<tr><td>कार्यक्रम संख्या</td><td>१४</td><td>०</td><td>०</td><td>०</td><td>१४</td></tr>
<tr><td>रकम (हजारमा)</td><td>५८०००</td><td></td><td></td><td></td><td></td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १० | | | **संगठन तथा कर्मचारी व्यवस्थापन**<br>**प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ।गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म २२ (करार बाहेक) जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, जनस्वास्थ्य अधिकृत सहित १८ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ ।तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| ११ | | | **कर्मचारी करार**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर गाउँपालिकाले स्वयमसेवक शिक्षक १० जनासमेत स्वास्थ्य संस्थासमेत ८५ जना कर्मचारीहरु करारमा राखि रु २५९४९०००.० खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले गाउँ प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ।स्थानीय तहले माथि उल्लेखित पद वाहेकको मदिरा व्यवस्थापक , कार्यक्रम अधिकृत लगायतका पदमा ३ जना करार नियुक्ति गरी बर्षभरीमा रु १०३७७९०.० भुक्तानी गरेको अनियमित दिखएको रु. | १,०३७,७९० |
| १२ | | | **वडा सचिवको पदपूर्ति**<br>गाउँपालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको ६ दरबन्दी भएकोमा ५मा पदपूर्ति भई १ रिक्त भएको देखियो । | |
| १३ | | | **सेवा प्रवाहको स्थिती**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था १२ वटा ऐन, ५ वटा नियमावली, ३० कार्यविधि | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | लगायत ४७ वटा कानुन निर्माण गरी कार्यान्यिनमा रहेका छन् यस वर्ष गाउँपालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ । स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन । | |

| विवरण | निवेदन दर्ता | सिफारिस भएको संख्या |
|---|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० | ० |
| पञ्जिकरणतर्फ | | |
| जन्मदर्ता | ५६२ | ५६२ |
| मृत्युदर्ता | ६२ | ६२ |
| बसाईसराई दर्ता | ० | ० |
| विवाह दर्ता | १८० | १८० |
| सम्बन्ध विच्छेद दर्ता | | |
| पूर्वाधार विकास सडक निर्माण | १ | १ |
| कालोपत्रे सडक निर्माण | ० | ० |
| कालोपत्रे सडक मर्मत | ० | ० |
| ग्राभेल सडक निर्माण | ० | ० |
| ग्राभेल सडक मर्मत | ० | ० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१४</td><td></td><td></td><td>
योजना छनौट र कार्यान्वयन<br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७७÷७8 को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।
<table>
<tr><th>रु १ लाख सम्म</th><th>रु १ लाख देखि २ लाखसम्म</th><th>रु २ लाख देखि ५ लाखसम्मका</th><th>रु ५लाख देखि १० लाखसम्मका</th><th>रु १०-50 लाख सम्म</th><th>50लाख भन्दा बढी</th><th>जम्मा</th></tr>
<tr><td>२८</td><td>१५</td><td>३८</td><td>१५</td><td>२४</td><td>५</td><td>१२५</td></tr>
</table>
उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु १००००.० हजार देखि ५० लाख सम्मका जम्मा १२५ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र २८ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभवी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।
</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>
कानून निर्माण एवम् कार्यान्वयन<br>
न्यायीक समिति – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी नभएको र यो बर्ष थप २ विवाद दर्ता भई २ वटै फछ्र्यौट भएको छ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६ | | | **आन्तरिक लेखापरीक्षण**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर गाउँपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । साथै आन्तरिक लेखापरीक्षण शाखा समेत गठन गरेको छैन ।तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **पदाधिकारी सुविधा तथा बजेट**<br>**स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा गाउँसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार गाउँपालिकाबाट देहाय बमोजिम रु ६२९८५०० सुविधा वापत भुक्तानी भएको छ । | |

| सि.नं | विवरण | अध्यक्ष | उपाध्यक्ष | वडाअध्यक्ष ६ जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य १९ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | २४००० | २४००० | १४४००० | १४४००० | ७६००० | ४१२००० |
| २ | यातायात खर्च | १२००० | १०८००० | ७२००० | ७२००० | ४०००० | ४१२००० |
| ३ | टेलिफोन,मोबाइल | ७२००० | ६०००० | २५२००० | २१६००० | ४५६००० | १०५६००० |
| ४ | पुस्तक,पत्रीका, ईन्टरनेट | ६०००० | ५४००० | २८८००० | २१६००० | ४५६००० | १०७४००० |
| ५ | समन्वय तथा सहजीकरण | १०८०० | ८४००० | ४३२००० | ३६०००० | ६८४००० | १६८८००० |
| ६ | अतिथि सत्कार | १२००० | १०८००० | ५०४००० | ० | ० | ७३२००० |
| ७ | खानेपानी/बिजुली/सरसफाई | ४२००० | ३६००० | १४४००० | १४४००० | २२८००० | ५९४००० |
| ८ | चाडपर्व खर्च | २५००० | २२५०० | ९६००० | ५४००० | १३३००० | ३३०५०० |
| | जम्मा | ५७१०० | ४९६५०० | १९३२००० | १२०६००० | २०७३००० | ६२९८५०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **कार्यक्रम संशोधनः**<br>गाउँसभाबाट स्वीकृत वार्षिक कार्यक्रमको रकम तोकिएको योजना तथा कार्यक्रममा खर्च गर्नुपर्दछ । गाँउसभाबाट स्वीकृत पूँजीगत कार्यक्रमको रकमबाट कार्यपालिकाको मिति 2077/8/23 को निर्णयले चालु प्रकृतिका शीर्षक/कार्यक्रम सहयोगी संस्था परिचालन,विद्यालय सरसफाई जस्ता सामान्य प्रकृतिका कार्यमा खर्च गरेको छ । पूँजीगत शीर्षकको रकमबाट पूँजी सिर्जना तथा उत्पादन मूलक कार्यमा खर्च गर्नुपर्दछ । | |
| १९ | | | **अनुदान फिर्ता, वितरण र उपयोग**<br>**अनुदान फिर्ता बाँकीः** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने सशर्त तर्फका कार्यक्रमको वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ।प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा सो रकम कार्यालयले फिर्ता गरेको छ। | |

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम | फिर्ता रकम | फिर्ता बाँकी रकम |
|---|---|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त | २१४८४७ | १८८७५२ | २६०९५ | २६०९५ | ० |
| | विषेश | १०००० | १०००० | ० | ० | ० |
| | समपूरक | १५००० | ११९०४ | ३८९६ | ३८९६ | ० |
| **प्रदेश सरकार** | शसर्त | ० | ० | ० | ० | ० |
| | विषेश | ६८०० | ६७८४ | १६ | १६ | ० |
| | समपूरक | ३७६३ | ३७६३ | ० | ० | ० |
| | **जम्मा** | **२५०४१०.०** | **२२०४०३.०** | **३०००७.०** | **३०००७.०** | **०** |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२०</td><td></td><td></td><td>समपूरक अनुदानः<br>समपूरक अनुदान सम्बन्धि कार्यविधि, २०७५को दफा ६ मा समपूरक अनुदान प्राप्त गर्न छनौट भएको योजनाको कुल लागत मध्ये पचास प्रतिशत नेपालसरकारले अनुदान दिने र बाँकी स्थानिय तहले लागत साझेदारी गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले समपूरक अनुदान बापत निम्नानुसार योजनामा अनुदान रकम खर्च गरेतापनी गाउँपालिकाले आफ्नो लागत साझेदारी गरेको छैन।कार्यविधिको व्यवस्था अनुसार लागत रकमको साझेदारी नगरी समपूरक अनुदान खर्च गरेको नियमसम्मत नदेखिएको रु (रु हजारमा)
<table>
<tr><th>स्रोत</th><th>योजनामा कुल खर्च रकम</th><th>गाउँपालिकाले लागत साझेदारी गर्नुपर्ने रकम</th></tr>
<tr><td>संघिय सरकार समपूरक अनुदान</td><td>११११०४</td><td>५५५२.० (पचास प्रतिशत)</td></tr>
<tr><td>जम्मा</td><td>११११०४</td><td>५५५२.० (पचास प्रतिशत)</td></tr>
</table></td><td>५,५५२,०००</td></tr>
<tr><td>२१</td><td></td><td></td><td>सवारी साधन खरिद<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु भनिएकोमा केन्द्रीय सरकारको वित्तिय समानिकरण अनुदानको मौज्दात रकमबाट भुक्तानी दिन मिल्ने देखिदैन । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वियन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २ थान मोटरसाईकल खरिदमा रु ४७४००० खर्च गरेका छन् ।</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>कर दस्तुर एवं आन्तरिक आय<br>आयको अनुमानः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । गाउँपालिकाले पेश गरेको आय–व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु ४७ लाख आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७७/७८ मा रु ८९९२०१ अर्थात अनुमान भन्दा १९.२ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३ | | | **आन्तरिक आयः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७७/७८ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।<br>केन्द्रिय अनुदानबाट खर्च: ४२९६३४७८४; आन्तरिक आय: १०१०७५०; आन्तरिक आय प्रतिशत: ०.२३<br>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.२३ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४२९६३४७८४ | १०१०७५० | ०.२३ |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **कर तथा शुल्क असुली** -<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । | |

| **सि.नं** | आय शीर्षक | अनुमान | असुली | **असुली प्रतिशत** |
|---|---|---|---|---|
| १ | एकीकृत सम्पत्ती कर तथा घरजग्गा कर | ४००००००.० | ३२७५१४.० | ८२ |
| २ | घरबहाल कर | २१६०००.० | ११०६००.० | ५१ |
| ३ | अन्य प्रशासनिक सेवा शुल्क | २०००००.० | १४६२००.० | ७३ |
| ४ | सिफारिस दस्तुर | १५००००.० | १११२०५.० | ७३ |
| ५ | नाता प्रमाणित | २५०००.० | २२६००.० | ८९ |
| ६ | अन्य दण्ड जरिवाना | २५००००.० | २०६७००.० | ८३ |
| ७ | बेरुजु | १०००००.० | ८५८३०.० | ८६ |
| | जम्मा | १३४१०००.० | १०१०६४९.० | |

गाउँपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **राजश्व अभिलेख :**<br>कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ ।गाउँपालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख गाउँपालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पु¥याउनुपर्ने देखियो । | |
| २६ | | | **रसिद नियन्त्रण खाता नरहेकोः**<br>गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाएको विभिन्न करहरुको सिफारिस दस्तुरको लागि प्रयोग गरिने नगदी रसिदको रसिद नियन्त्रण खाता अद्यावधिक गरी राख्नुपर्दछ ।गत वर्षको मौज्दात,यो वर्षको आय,यो वर्षको खर्च र बाँकी जिम्मेवारी देखिने गरी नगदी रसिदको खाता तयार गर्नपर्नेमा सो खाता तयार गरेको छैन । आ.व. को अन्तमा फिर्ता गर्नुपर्ने कतिपय रसिद ठेलीहरु फिर्ता आएको छैन । आम्दानीतर्फ प्रयोग गरिने रसिद ठेलीको आय एकिन गरी बैंक जम्मा विवरण राखी श्रेस्ता अद्यावधिक गर्नुपर्नेमा गाउँपालिकाले रसिद नियन्त्रण खाता नराखेको कारण एकिन हुन सकेन । | |
| २७ | | | **राजश्व दाखिला :**<br>आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ९ वटा वडा पालिका प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८ | | | **सवारी करः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएकोमा यस बर्ष कुनै पनि रकम उठाएको देखिएन । हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । | |
| २९ | | | **मनोरञ्जन कर :**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७७।७८ मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ । | |
| ३० | | | **व्यवसाय कर -**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत कुनै कर संकलन नगरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| ३१ | | | **सशर्त कार्यक्रम शिक्षा तर्फ**<br>शिक्षक दरवन्दी र पदपूर्ति - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठन पाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २२ सामुदायिक विद्यालयहरुमा १०६ शिक्षक दरवन्दी रहेकोमा सबै पदपूर्ति भएको र सोमध्ये ५७ जना करारमा रहेका छने।विद्यालयमा कुल २९६७ विद्यार्थि अध्ययनरत रहेका छन्। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | | | **गाउँपालिका पूँजिगततर्फ**<br>**निर्माण कार्यको गुणस्तरः** सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ ।कार्यालयले उपभोक्ता समिति तथा निर्माण व्यवसायी मार्फत् निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति वा निर्माण व्यवसायी मार्फत गुणस्तर परीक्षणको आवश्यक व्यवस्था गर्नुपर्दछ।कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, ढुङ्गा र सिमेन्टको गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्याबियन तार, सिमेण्ट, मोर्टारको गुणस्तर परीक्षण तथा कंक्रिट क्यूब टेष्ट जस्ता कार्य गराएको पाइएन।यसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन।अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षणला ाइ अनिवार्य गर्नु पर्दछ। | |
| ३३ | | | **बीमा गराउनुपर्नेः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा दश लाख रुपैँयाभन्दा बढीको निर्माण कार्यमा निर्माण व्यवसायीले तोकिएको कुराको बिमा गराउनुपर्ने व्यवस्था रहेको छ।कार्यालयद्वारा संचालित दश लाख माथिका अधिकाँश निर्माण कार्यको सम्झौतामा बिमाको व्यवस्था गरेको छैन भने सम्झौतामा बिमाको व्यवस्था भएतापनि निर्माण व्यवसायीले बिमा गरेको प्रमाण पेश भएका छैनन्। निर्माण कार्यमा हुनसक्ने सम्भाव्य दुर्घटनाबाट हुन सक्ने क्षति न्यूनीकरणका लागि अनिवार्य रुपमा संरचनाको विमा गरेर नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ । | |
| ३४ | | | **उपभोक्ता समितीमार्फत रेडियो एफ्.एम् स्थापना तथा उपकरण खरिदः**<br>१७/२०७७/९/७, कार्यालयले गौमुल एम्.एम् १०४.३ मेगाहर्ज स्थापना गर्न भवन निर्माण तथा उपकरण खरिद उपभोक्ता मार्फत गरेको छ।कार्यालयले भवन निर्माण बापत रु ५०५४४१.० तथा उपकरण खरिद बापत रु २५०३५००.० को कार्यसम्पन्न प्रमाणित गरी जनश्रमदानको अंश, कन्टिन्जेन्सी कट्टा गरी रकम भुक्तानी गरेको छ।उपभोक्तालाई जनसहभागिता रहने श्रममूलक निर्माण कार्यमा मात्र लगाउनुपर्नेमा, कार्यालयले एफ्.एम् स्थापना, उपकरण जडान जस्तो जटिल प्राविधिक पक्ष संलग्न रहने एवम् खरिद मात्र गर्नुपर्ने क्रियाकलाप उपभोक्ता मार्फत संचालन गर्नु मनासिब देखिएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५ | | | **जग्गा प्राप्तिः**<br>जग्गा प्राप्ति ऐन, २०३४ को दफा १३(२) बमोजिम सार्वजनिक निकायले जग्गा प्राप्ति गर्दा मुआब्जा रकम निर्धारण गर्न प्रमुख जिल्ला अधिकारीसमेतको तोकिएका पदाधिकारीहरु रहेको समिति रहने र सोही समितीले निर्धारण गरेको मुआब्जा रकम बमोजिम सार्वजनिक निकायले जग्गा प्राप्ति गरेबापत सम्बन्धित जग्गाधनीलाई मुआब्जा भुक्तानी गर्नुपर्दछ।त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(२ढ) मा सार्वजनिक प्रयोजनका लागी जग्गा प्राप्ती मुआब्जा निर्धारण तथा वितरणमा समन्वय र सहजीकरण गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्दछ।कार्यालयले सडक तथा भवन निर्माण प्रयोजनार्थ कुल २६ जग्गाधनीबाट जग्गा प्राप्ति गर्न कार्यापालिका निर्णय बमोजिमको कुल रु ३६१७६००.० मुआब्जा भुक्तान गरेको छ।सोको लागी ऐन को दफा १६ अनुसार मुआब्जा निर्धारण गर्दा विचार राख्नु पर्ने कुराहरु पालना नगरी निर्णय भएको साथै जग्गा प्राप्ती तथा मुआब्जा निर्धारणका लागी निश्चित कार्यविधि निर्माण भएको छैन।समन्वय र सहजीकरणको अधिकार प्राप्त निकायले क्षेत्राधिकार बाहिर गई मुआब्जा दर निर्धारण गरी रकम भुक्तानी गरेको मनासिब देखिएन। | |
| ३६ | | | **जग्गा धनीपूर्जा पेश नभएकोः**<br>कार्यालयले देहायका जग्गाधनीबाट सार्वजनिक प्रयोजनका लागी जग्गा प्राप्त गरी कार्यपालिकाको निर्णयका आधारमा रकम भुक्तानी गरेतापनी सो जग्गा गाउँपालिका तथा सार्वजनिक निकायको नाममा प्राप्त गरेको प्रमाण पेश नभएकोले, जग्गा नामसारीको पत्र तथा जग्गा धनीपूर्जा गाउँपालिकाको नाममा पेश हुनुपर्ने रु | १,२७४,००० |

| भौ.नं/मिती | जग्गाधनीको नाम | भुक्तानी रकम |
|---|---|---|
| ५३/२०७७/९/२० | मानविरे लुहार | ६०००००.० |
| ९७/२०७७/१२/१३ | वडा अध्यक्ष चक्र बहादुर बोहरा | १८१०००.० |
| ९९/२०७७/१२/१६ | कर्ण बहादुर बुढा | २८२०००.० |
| १७६/२०७८/३/२३ | हर्क बोहरा | २११०००.० |
| जम्मा | | १२७४०००.० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ३७ | | | **गाउँपालिका प्रशासनिक भवन निर्माणः** कार्यालयले गौमुल गाउँपालिका प्रशासनिक भवन निर्माणका लागी मिती २०७५/९/३ मा किँरातेश्वर/जागृति जे.भिसँग रु ६३४२९४८९.४ (मू.अ.कर समेत) मा कार्यसम्पन्न गर्ने गरी सम्फौता गरेको छ। सम्फौता अनुसार निर्माण व्यवसायीले १९ महिनामा उक्त भवनको निर्माण कार्यसम्पन्न गर्नुपर्ने अवधि तोकिएकोमा मिती २०७८/२/१० सम्म प्रथम पटकलाई म्याद थप भएको छ।यस सम्बन्धमा देहायका व्यहोरा देखिएका छन्। | |
| ३७.१ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(१) मा सम्झौताको म्याद सकिनु एक्काईस दिन अगावै सम्बन्धित ठेकेदार तथा फर्मले कारण खुलाई अवधि थपको लागी निवेदन पेश गर्नुपर्ने व्यवस्था रहेको छ।योजनाको मिती २०७८/२/१० मा म्याद समाप्त भएकोमा, निर्माण व्यवसायीले सोहो मितीमा म्याद थपको पत्र बुझाएको छ।सम्झौता बमोजमिको कार्यसम्पन्न नभएकोमा, निर्माण व्यवसायीले सम्झौता अवधि थपको लागि समयमा निवेदन पेश गरेको छैन।तोकिएको समयमा अवधि थपको निवेदन पेश नगरेको तथा सम्झौता अवधिमा कार्यसम्पन्न नगरेको कारण, कार्यालयले निर्माण व्यवसायी तथा फर्मलाई नियमानुसार हर्जना लगाई सम्झौता बमोजिमको कार्यसम्पन्न गराउनुपर्दछ। | |
| ३७.२ | १९९ | २०७८-३-२८ | १९९/२०७८/३/२८, कार्यालयले भवन निर्माणको अवधि थपबिना पाचौँ रनिङ्ग बिल बापत रु ३४६७३३८१.२(मू.अ.कर समेत) निर्माण व्यवसायीलाई भुक्तानी गरेको छ।सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १११(१ङ) मा सार्वजनिक निकायले गुणस्तर पक्षको निरिक्षण र परिक्षणको व्यवस्था गर्नुपर्ने तथा नियम ११२(१) मा दश लाख माथिको खरिद सम्झौतामा अनिवार्य बिमा गराउनुपर्ने व्यवस्था रहेको छ।कार्यालयले भवन निर्माण सम्झैतामा गुणस्तर परीक्षणको व्यवस्था गरेतापनि Materials Test, Concerete Test लगायतका गुणस्तर परीक्षण समेत नगरी प्रथम रनिङ्ग बिल बापतको रकम भुक्तानी गरेको हुनाले, निर्मित संरचना गुणस्तरीय भएको कुरामा आश्वस्त हुन सकिएन। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३८</td><td></td><td></td><td>

**डोजर प्रयोगको बिलः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समूदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने ब्यवस्था छ। कार्यालयले देहायका उपभोक्ता समितीलाई डोजरबापत निम्नानुसार रकम भुक्तानी गरेकोमा, डोजार प्रयोगको घटी बिजक पेश गरेकोले, बिजक पेश नभएको रु २०३९७६.० को बिजक सम्बन्धितबाट पेश हुनुपर्ने अन्यथा उपभोक्ताको योगदानको अंश कट्टी गरी असुल गर्नुपर्ने रु

<table>
<tr><th>भौ.नं/मिती</th><th>उपभोक्ताको नाम</th><th>डोजर बापत भुक्तानी भएको रकम (दर विश्लेषणका आधारमा)</th><th>डोजरको बिल पेश भएको (मू.अ.कर बाहेकको रकम) रु</th><th>घटी बिल पेश भएको रु</th></tr>
<tr><td>११०/२०७७/१२/३१, १२७/२०७८/२/१४</td><td>घटमुना मनाकोट सडक मर्मत उ.स</td><td>१७७०९७६.०</td><td>१५६७०००.०</td><td>२०३९७६.०</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२०३९७६.०</td></tr>
</table>

</td><td>२०३,९७६</td></tr>
<tr><td>३९</td><td></td><td></td><td>

**परामर्श सेवा** –

सार्वजनिक खरिद नियमावली**,** २०६४ कोनियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ।कार्यालयले आ.व २०७७/७८ मा परामर्श सेवा अन्गर्गत डि.पि.आर निर्माण गर्दा प्रतिस्पर्धा नगराई रु ८९०२३६६.० सोफै खरिद गरेको छ।कार्यालयले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन ।

</td><td></td></tr>
<tr><td>३९.१</td><td></td><td></td><td>

**मौजुदा सूचि बाहेक खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२ मा बिस लाखसम्मको परामर्श सेवा खरिद गर्दा मौजुदा सूचिमा रहेका परामर्शदाताबाट लिखित रुपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्नुपर्नेमा कार्यालयले, रु ८९०२३६६.० को परामर्श सेवा खरिद मौजुदा सूचिमा रहेका परामर्शदाताबाट खरिद गरेको पाईएन।नियमावलीको व्यवस्था कार्यान्वयन गरिनुपर्दछ।

</td><td></td></tr>
<tr><td>३९.२</td><td></td><td></td><td>

**डि.पि.आर निर्माणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३(१) मा खरिदको कार्यको तयारीमा खरिदको आवश्यकता पहिचान गर्नुपर्ने व्यवस्था रहेकोले

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ ।कार्यालयले यो बर्ष देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । | |

| कार्य विवरण | परामर्शदाताको नाम | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजना लागत |
|---|---|---|---|---|
| गौमुल स्टाडियम डि.पि.आर | टाकुरा ईन्जिनियरिङ्ग एण्ड कन्सल्टेन्सी | १३५६०००.० | १३५६०००.० | १५६८९०७७.० |
| ५ शैय्या अस्पताल भवन निर्माण डि.पि.आर | त्रिनेत्र कन्स्ट्रक्सन कन्सल्ट प्रा.लि | १३६९५६०.० | १३६९५६०.० | १५९३०३७१०.० |
| गौमुल संग्राहलय डि.पि.आर | ओझा ईन्जिनियरिङ्ग सर्भिस प्रा.लि | ११७५२००.० | ११७५२००.० | ३४२६६३८६.० |
| गौमुल फनपार्क डि.पि.आर | सिजी ईन्जिनियरिङ्ग | १५३११५०.० | १५३११५०.० | ६४४५५०४५.० |
| कीर्तिचौर खोला पक्कीपुल डि.पि.आर | टीडीआर ईन्जिनियरिङ्ग | १९१३३१६.० | १९१३३१६.० | ६२३४१७७८.० |
| १०शैय्या अस्पताल भवन निर्माण डि.पि.आर | हण्डिक ईन्जिनियरिङ्ग | १५७०७००.० | १५७०७००.० | २२२४७३६७१.० |
| जम्मा | | ८९०२३६६.० | ८९०२३६६.० | ६९९७३९६६७.० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४० | | | **कन्टिन्जेन्सी खर्चको अभिलेख :**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७७/७८ मा कन्टीन्जेन्सी बापत रु २५५००००.० खर्च गरेको छ। | |
| ४१ | | | **सार्वजनिक परीक्षण -**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |
| ४२ | | | **संघिय सरकार हस्तान्तरित कार्यक्रम चालु**<br>**सिमा नाघि सोझै खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१ख) मा सार्वजनिक निकायले औषधी तथा औषधीजन्य सामग्री खरिद गर्दा बिस लाखको सिमा नाघी एक आर्थिक वर्षमा एकै फर्मसँग सोझै खरिद गर्न नसकिने व्यवस्था गरेको छ।कार्यालयले पटक पटक गरी देहायका फर्मबाट मा रु ६०४८८२५.० को औषधी तथा औषधीजन्य सामग्री खरिद गरेको छ।नियमावलीको व्यवस्था अनुसार तोकिएको सिमा ननाघ्ने गरी खरिद गरिनुपर्दछ। | |

| **भौ.नं/मिती** | **फर्मको नाम** | **रकम** |
|---|---|---|
| ४१/२०७७/९/१४ | यशोधा फार्मेसी | १०१९९५९.० |
| ४२/२०७७/९/१४ | सम्झना सर्जिकल एण्ड सप्लायर्स | ४९९३४७.० |
| ४३/२०७७/९/१४ | ग्लोबल मेडी ईक्वीप्मेन्ट | ३९९०२३.० |
| ४४/२०७७/९/१४ | तिवारी मेडिसिन डिस्ट्रिब्युटर्स | २४९२०१.० |
| १९०/२०७८/२/५ | मेडिकेयर फर्मा | ४०२०४५.० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | १९१/२०७८/२/५ | लोकहित मेडिसिन सप्लायर्स | ९८९८८०.० | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | १९१/२०७८/२/५ | आई.क्यू हस्पीकेयर | ४९९४६०.० | |
| | | | | १९१/२०७८/२/५ | मेडिप्रो सोलुसन् | १९७५५०.० | |
| | | | | २९९/२०७८/३/१८ | अनुसा फार्मेसी | ४९७६७०.० | |
| | | | | ३००/२०७८/३/१८ | डायनामीक मेडिसिन सप्लायर्स | ४९७२५०.० | |
| | | | | ३०३/२०७८/३/१८ | यशोदा फार्मेसी | ४९७९९०.० | |
| | | | | ३०४/२०७८/३/१८ | मेडि डिस्ट्रिब्युटर्स | २९९४५०.० | |
| | | | | जम्मा | | ६०४८८२५.० | |
| ४३ | ३२४ | २०७८-३-२४ | **सुरक्षित नागरिक आवास कार्यक्रमः**<br>३२४/२०७८/३/२४, कार्यालयले सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत २०६ लाभग्राहीलाई प्रति घर रु १७५००.० को दरले रु ३६०५०००.० भुक्तानी गरेकोमा, नागरिक आवासका लागी लाभग्राही छनौटको निर्णय तथा सोको कार्यसम्पन्न पेश गर्नुपर्ने रु | | | | ३,६०५,००० |
| ४४ | | | **शर्त विपरित भुक्तानीः-**<br>सशर्त कार्यक्रम फलफूल दशक अन्तरगत स्थानीय तहमा ओखर विरुवा रोपण अभियान (५० प्रतिशत अनुदान) कार्यक्रममा कृषकबाट माग नआएको भनि कार्यक्रम सम्शोधन गरी विरुवा खरिद गरी विना अनुदान वितरण गरेको देखियो । शसर्त कार्यक्रम शीर्षकमा आएको रकमलाई शर्त अनुसार नै खर्च गर्नेपर्नेमा गाउँपालिकाले कार्यपालिकाको निर्णय गरेर ५० प्रतिशत अनुदान नराखी खर्च गरेको देखियो । गाउँपालिकाबाट सो कार्यक्रममा रु. १५०००००.० थप गरी कार्यक्रम सञ्चालन गरेको छ।योजनाको कुल लागत अनुमान तयार तथा कृषकको अंश पनि समावेश नगरी यस कार्यक्रमबाट रु १७२३२००.० खर्च भएको नियमसम्मत नदेखिएको रु | | | | १,७२३,२०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५ | ३०४ | २०७८-३-१ | **भुक्तानीमा कर** –<br>३०४/२०७८/३/१ आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले विभिन्न समयमा स्वास्थ्य सम्बन्धि, पञ्जिकरण तथा सरसफाई सम्बन्धि सुचना प्रकाशन गरेको अप्डेट मल्टिमिडिया हाउस बाजुरालाई रु.१७००००.० भुक्तानी गरेकोमा नियमानुसार लाग्ने १५ प्रतिशतले रु.२५५००.० कट्टा गर्नुपर्नेमा रु.२५५०.० मात्र कट्टा गरेकोले नपुग कर रु.२२९५०.०असुल गरी दाखिला गर्नुपर्ने रु. | २२,९५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६ | | | • खर्च गर्दा विल भर्पाई सहित गर्नुपर्ने र प्रयोजन खुल्ने कार्यमा मात्र खर्च गर्नुपर्नेमा कार्यालयले विभिन्न समयमा कार्यालय प्रयोजनको लागि भनि ईन्धन खरिद गरेकोमा सो ईन्धनको लग बुलको आधारमा खर्च गर्नुपर्नेमा सो नगरेको र विविध खर्चको खर्च पुष्ट्याई हुने प्रमाण संलग्न नभएकोले यस्तो प्रकृतिको खर्चमा गाउँपालिकाको ध्यान जानु पर्दछ । | |

| गोभौनं./मिति | विवरण | भुक्तानी रकम |
|---|---|---|
| **ईन्धन** | | |
| ८६/२०७७/९/१७ | सौगात आयल स्टोर | ११७३१२ |
| २८०/०७८/१/२ | सौगात आयल स्टोर | २६००१० |
| ४१८/२०७८/३/२४ | सौगात आयल स्टोर | ११६९६० |
| **विविध खर्च** | | |
| १६१/०७७/१२/१३ | खाना तथा खाजा खर्च | ६०००० |
| २३९/०७८/२/३ | खाना तथा खाजा खर्च | १२९५०० |
| २४१/०७८/२/५ | खाना तथा खाजा खर्च | ३६००० |
| ३०९/०७८/३/२ | खाना तथा खाजा खर्च | १९५५९० |
| ३६८/०७८/३/२६ | खाना तथा खाजा खर्च | ७८९०० |
| ४३०/०७८/३/२९ | खाना तथा खाजा खर्च | १३५०२५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४७ | | | . आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७६ को नियम ४७(१) मा सरकारी वा अन्य कुनै व्यक्तिले सरकारी काम काजको निमित्त पेश्की लिनु पर्दा कुन कामको निमित्त के कति रकम चाहिने हो त्यसको विवरणको आधारमा कार्यालय प्रमुखले सम्बन्धित कामको लागि आवश्यक पर्ने रकमभन्दा बढी नहुने गरी पेश्की दिनु पर्ने व्यवस्था उल्लेख छ । गाउँपालिकाले कार्यालयको विविध खर्च शीर्षकबाट गणेश बहादुर रोकायालाई २०७७/४/३२ मा रु.१२ लाख पेश्की दिएकोमा के कति कामको लागि खर्च गर्ने भन्ने प्रयोजन वेगर पेश्की भुक्तानी गरी बर्षान्तमा २०७८/३/२३ गते फर्छ्यौट गरेको देखियो । यस्तो कार्यले आर्थिक अनुशासन कायम नहुने भएकोले जुन कार्यको लागि पेश्की लगेको हो सो कार्य सम्पन्न भएको मितिले सात दिन भित्र फर्छ्यौट गर्नुपर्ने नियमावलीको व्यवस्थालाई कार्यालयले ध्यान दिनु पर्दछ । | |
| ४८ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रमः** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम गाउँपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था अनुसार कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छ।कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना कार्यान्वयन भएका छन्।साथै श्रमिकको संख्या पनि अधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन।यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक, नाला, फिल्ड निर्माण लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष वडा नं १ देखि ६ वडाका ३७९ जनालाई रोजगारी उपलव्ध गराई रु. १९५७०३५२.० खर्च गरेको छ।लक्षित वर्गलाई औषत १०० दिन रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च लेखेका छन् ।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी श्रृजना भएको देखिंदैन। | |

| वडा नं | कार्यक्रम/योजना संचालन | श्रमिक संख्या | कुल खर्च भएको रकम |
|---|---|---|---|
| १ | ३ | ६४ | ३२८५८५२.० |
| २ | ३ | ६५ | ३३६०३००.० |
| | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ३ | ३ | ६२ | ३२०५२००.० | | |
| | | | | ४ | ३ | ६४ | ३३०८६००.० | | |
| | | | | ५ | ३ | ६२ | ३२०५२००.० | | |
| | | | | ६ | ३ | ६२ | ३२०५२००.० | | |
| | | | | ३जम्मा | | | १९५७०३५२.० | | |
| ४९ | ६ | २०७८-१-२८ | **स्थानीय पूर्वाधार विकास कार्यक्रम**<br>**पूर्वाधार विकास बाहेक रकम खर्चः** स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम(संचालन कार्यविधि) नियमावली, २०७६ को दफा ८(२) मा कार्यक्रम अन्तर्गत सामग्री खरिद गरी वितरण गर्न नपाईने व्यवस्था छ।कार्यालयले स्थानिय पूर्वाधार विकास कार्यक्रम अन्गर्गत छनौट भएको अम्लिस मा.वि होस्टल व्यवस्थापन अनुदान योजनाको लागी बेडिङ्ग, टेबल, कुर्सी, भान्सा लगायतका सामग्री खरिदको लागी विद्यालयलाई रु ९०००००.० भुक्तानी गरेको छ।नियमावलीको व्यवस्था विपरीत भौतिक पूर्वाधार बाहेकको सामग्री खरिदमा रकम भुक्तान भएको नियसम्मत नदेखिएको रु | | | | | | ९००,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५०</td><td></td><td></td><td>

**संघिय सरकार हस्तान्तरित पूँजीगत कार्यक्रम**

**कार्य प्रारम्भ नभएको:** गाँउपालिकाको स्वीकृत बजेट तथा कार्यक्रम तोकिएको सयम भित्र कार्य सम्पन्न गर्ने गरी ठेक्का व्यवस्थापन गर्नुपर्दछ । समयमा कार्य सम्पन्न गर्न अनुगमनको कार्यलाई प्रभावकारी रुपमा अगाडी बढाउनु पर्दछ । गाउँपालिकाले प्रारम्भ गरेका देहाय बमोजिमका दिर्धकारीन महत्व राख्ने योजनाहरु ठेक्का व्यवस्थापन भई मोविलाईजेशन पेश्की दिने बाहेक लेखापरीक्षण अवधि २०७८/६/१५ सम्म निर्माण कार्य प्रारम्भ भएको छैन । ठेक्का अवधि भित्र कार्य सम्पन्न गर्ने गरी गाउँपालिकाले प्रभावकारी अनुगमन गर्नुपर्ने देखिन्छ ।

<table>
<tr><th>कार्य</th><th>सम्झौता</th><th>लागत अनुमान मू.अ.कर बाहेक</th><th>ठेक्का अंक (मू.अ.कर समेत)</th><th>पेश्की</th><th>कैफियत</th></tr>
<tr><td>गौमुल फनपार्क</td><td>२०७८/३/७</td><td>६३३९३७३५</td><td>७१८९४९२१.०</td><td>५४१५०००</td><td>कार्य प्रारम्भ नभएको</td></tr>
<tr><td>१० शैया अस्पताल</td><td>२०७७/१२/७</td><td>१४४२५१०१०</td><td>११७७५०१५१</td><td>१७३३४०००</td><td>कार्य प्रारम्भ नभएको</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>

**सडक र अन्य पूर्वाधार नभएको स्थानमा फनपार्क निर्माणः**

विशेष अनुदान सम्बन्धि कार्यविधि, २०७५ को दफा ३(२) मा नेपाल सरकारले विशेष अनुदान अन्तर्गत आयोजना संचालन गर्न सोको आवश्यकता तथा प्राथमिकता, आयोजना कार्यक्रम कार्यान्वयनपश्चात्त प्राप्त हुने उपलब्धी, प्रतिफल वा लाभको अवस्था विचार गरी सोको आधारमा मात्र विशेष अनुदान प्रदान गर्नुपर्दछ।साथै दफा ४(३) मा स्थानीय तहले विशेष अनुदान माग गर्दा आयोजना संचालन गर्नुपर्ने आवश्यकता र प्राथमिकता पुष्ट्याँई, सोबाट प्राप्त हुने मापन योग्य प्रतिफल वा लाभ तथा योजनाको दिगोपना स्पष्ट खुलाउनुपर्दछ।यस गाउँपालिकाको विशेष अनुदान अन्तर्गत वडा नं ४ मा फनपार्क निर्माणको लागी रु ७१८९४९२१.० (मू.अ.कर बाहेक) मा सि.एम् प्याराडाईज जे.भिसँग सम्झौता गरेको छ।सो स्थानमा हाल सडक तथा बिजुली लगायतको सुविधा उपलब्ध नभएको अवस्थामा, योजना कार्यान्वयनपश्चात्त उपलब्धी वा प्रतिफल नगन्य हुने देखिन्छ।विकट पहाडी भूगोल तथा न्यून जनसंख्या बसोबास भएको स्थानमा फनपार्क निर्माण गर्नुपर्ने आवश्यकता पनि पुष्टि हुँदैन।फनपार्क निर्माणको लागी हालसम्म रु ५४१५०००.० पेश्की खर्च भएको छ। निर्माणस्थल सम्म सामग्री ढुवानी गर्ने अवस्था नभएका कारण हाल निर्माण कार्य चालु हालतमा रहेको छैन।गाउँपालिकाले योजना माग गर्दा सोबाट प्राप्त हुने मापन योग्य प्रतिफल वा लाभ तथा योजनाको दिगोपना खुलाएको छैन।योजना छनौटमा उल्लेउखित मापदण्ड विचार गरिएको छैन।प्रतिफल, लाभ नगन्य हुने, आवश्यकता पहिचान गरी योजना माग गर्ने, सार्वजनिक स्रोतको महत्तम उपयोग हुनेगरी योजना छनौट गर्नुपर्दछ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५२ | | | **गाउँपालिका चालु**<br>**कर छुटः-** आयकर ऐन, २०५८ को दफा ८७ अनुसार रोजगार दाताबाट अनुसूची १ बमोजिम कर कट्टा गर्नु पर्ने व्यवस्था छ । यस कार्यालयमा कार्यरत कर्मचारीहरुको बार्षिक आयमा लाग्ने कर नियमानुसार कट्टी छुट देखिएकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रु. | १३,२०३ |

| **कर्मचारीको नाम/पद** | **बार्षिक आय** | **कट्टा गर्न पाउने रकम** | **खुद आय** | **कर योग्य आय** | **पारिश्रमिक कर** |
|---|---|---|---|---|---|
| वि.नि.गणेश बहादुर साँउद | ६९९४९८ | १४७४१६ | ५५२०८२ | १०२०८२ | १०४१६ |
| का.अ.कृष्ण ब.रोकाया | ४७७८७० | ० | ४७७८७० | २७८७० | २७८७ |
| | | | | **जम्मा** | १३२०३.० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५३ | | | **कर छुट**<br>आयकर ऐन, २०५८ को दफा ८७ मा अनुसूची १ बमोजिम कर कट्टा गर्नु पर्ने व्यवस्था छ । यस गाउँपालिकाका पदाधिकारीहरुको बार्षिक आयमा लाग्ने कर नियमानुसार कट्टी छुट देखिएकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रु. | ६९,५२० |

| **पद** | **पदाधिकारीको नाम/पद** | **मासिक सुविधा** | **चाड पर्व खर्च** | **बार्षिक आय** | **लाग्ने कर** |
|---|---|---|---|---|---|
| **गा.पा अध्यक्ष** | हरी बहादुर रोकाया | 43500 | 25000 | 547000 | 14200 |
| **गा.पा उपा अध्यक्ष** | सिता थापा रोकाया | 37500 | 22500 | 472500 | 7250 |
| **वडा अध्यक्ष** | प्रकास बहादुर रोकाया | 24500 | 16000 | 310000 | 3100 |
| **वडा अध्यक्ष** | गणेश बहादुर रोकाया | 24500 | 16000 | 310000 | 3100 |
| **वडा अध्यक्ष** | विरेन्द्र बहादुर रोकाया | 24500 | 16000 | 310000 | 3100 |
| **वडा अध्यक्ष** | मान बहादुर वोहोरा | 24500 | 16000 | 310000 | 3100 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | **वडा अध्यक्ष** | चक्र वोहोरा | 24500 | 16000 | 310000 | 3100 | |
| | | | **वडा अध्यक्ष** | बल बहादुर रोकाया | 24500 | 16000 | 310000 | 3100 | |
| | | | **का.पा सदस्य** | झिमी बोहोरा | 13000 | 9000 | 165000 | 1650 | |
| | | | **का.पा सदस्य** | मान बहादुर सार्की | 13000 | 9000 | 165000 | 1650 | |
| | | | **का.पा सदस्य** | पारु कामी | 13000 | 9000 | 165000 | 1650 | |
| | | | **का.पा सदस्य** | सेतु बुढा | 13000 | 9000 | 165000 | 1650 | |
| | | | **का.पा सदस्य** | लाल बहादुर सार्की | 13000 | 9000 | 165000 | 1650 | |
| | | | **का.पा सदस्य** | खिना बुढा | 13000 | 9000 | 165000 | 1650 | |
| | | | **गा.पा सदस्य** | राम बहादुर रोकाया | 8000 | 7000 | 103000 | 1030 | |
| | | | **गा.पा सदस्य** | किणी ल्वार | 8000 | 7000 | 103000 | 1030 | |
| | | | **गा.पा सदस्य** | हर्क बहादुर बोहोरा | 8000 | 7000 | 103000 | 1030 | |
| | | | **गा.पा सदस्य** | गोपाल बहादुर रोकाया | 8000 | 7000 | 103000 | 1030 | |
| | | | **गा.पा सदस्य** | गिता रोकाया | 8000 | 7000 | 103000 | 1030 | |
| | | | **गा.पा सदस्य** | जमना चदारा | 8000 | 7000 | 103000 | 1030 | |
| | | | **गा.पा सदस्य** | धनलाल रोकाया | 8000 | 7000 | 103000 | 1030 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | **गा.पा सदस्य** | धन बहादुर बोहोरा | 8000 | 7000 | 103000 | 1030 | | |
| | | | | **गा.पा सदस्य** | सिता धामी | 8000 | 7000 | 103000 | 1030 | | |
| | | | | **गा.पा सदस्य** | ज्ञानु चँदारा | 8000 | 7000 | 103000 | 1030 | | |
| | | | | **गा.पा सदस्य** | अकल रोकाया | 8000 | 7000 | 103000 | 1030 | | |
| | | | | **गा.पा सदस्य** | बेलु कामी | 8000 | 7000 | 103000 | 1030 | | |
| | | | | **गा.पा सदस्य** | कलक बहादुर सिंह | 8000 | 7000 | 103000 | 1030 | | |
| | | | | **गा.पा सदस्य** | राम बहादुर रोकाया | 8000 | 7000 | 103000 | 1030 | | |
| | | | | **गा.पा सदस्य** | शारदा वि.क | 8000 | 7000 | 103000 | 1030 | | |
| | | | | **गा.पा सदस्य** | चक्र बहादुर रोकाया | 8000 | 7000 | 103000 | 1030 | | |
| | | | | **गा.पा सदस्य** | अनिता रोकाया | 8000 | 7000 | 103000 | 1030 | | |
| | | | | **गा.पा सदस्य** | विमला ल्वार | 8000 | 7000 | 103000 | 1030 | | |
| | | | | **गा.पा सदस्य** | प्रेम बहादुर वि.क. | 8000 | 7000 | 103000 | 1030 | | |
| | | | | **जम्मा** | | | | | **69520** | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५४ | | | **बैठक भत्ता** –<br>सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) को दफा ३ अनुसार तोकिए बमोजिम मासिक सुविधा र महिनामा बढीमा २ वटा बैठक भत्ता उपलब्ध गराउने व्यवस्था छ । तर पालिकाले पदाधिकारी सुविधा सम्बन्धी कानूले तोके भन्दा बढी दिनको सभा, कार्यपालिका, वडा लगायतको बैठक भत्ता वापत रु.९०००० बढि भुक्तानी भएकोले ऐनमा तोकिएको दर भन्दा बढी दरमा भुक्तानी भएको रकम असूल गरी स्थानीय संचितकोष दाखिला गर्नुपर्ने देखिएको रु. | ९०,००० |

| **गोभौनं./मिति** | विवरण | **बार्षिक/मासिक तोकेको दर** | **बढी दर** | **बढी भुक्तानी** |
|---|---|---|---|---|
| 247/078/2/16 | 5 नं.वडाको बैठक | 24 बार्षिक | ३३ | ५४००० |
| 392/078/3/21 | 3 नं.वडाको बैठक | 24 बार्षिक | २५ | ६००० |
| 331/078/3/8 | 2 नं.वडाको बैठक | 24 बार्षिक | ३० | ३०००० |
| **जम्मा** | | | | **९००००.०** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५५ | | | **सोझै खरिद** –<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ ।त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष विभिन्न शीर्षकबाट मसलन्द तथा कार्यालय सामान खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइ कोटेशनको माध्यमबाट निम्नानुसार रु.३२१८८५३.० को सोझै खरिद गरेको देखियो । | |

| **गोभौनं./मिति** | **आपूर्तिकर्ताको नाम** | **रकम** |
|---|---|---|
| 31/077/6/20 | सशाम्बु ट्रेड कन्सर्न 300202175 | 495188 |
| 46/077/8/11 | | 151650 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | दुर्गा ट्रेडर्स | | | |
| | | | | 45/077/8/11 | जे.वि.मल्टिप्रपोज | 499968 | | |
| | | | | 44/077/8/11 | कालाजाग्रा मिडिया हाउस | 499849 | | |
| | | | | 32/077/6/27 | न्यू स्मृति हार्डवेयर एण्ड सप्लायर्स | 94900 | | |
| | | | | 89/077/10/7 | न्यू आर एन जनरल सप्लायर्स | 293800 | | |
| | | | | 199/077/12/31 | जे.वि.मल्टिप्रपोज | 340276 | | |
| | | | | 200/077/12/31 | गडतोला सप्लायर्स | 240000 | | |
| | | | | 201/077/12/31 | कालाजाग्रा मिडिया हाउस | 353972 | | |
| | | | | 204/077/12/31 | न्यू सागर ईन्टरप्राईजेज | 137000 | | |
| | | | | 391/078/3/21 | लक्ष्मी स्टेशनरी पसल | 112250 | | |
| | | | | | **जम्मा** | 3218853.० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६ | | | **भ्रमण खर्च :**<br>सुदुर पश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .<br>• अधिकांश भ्रमणको उद्वेश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br>अतः स्पष्ट प्रयोजन र उद्वेश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ५७ | | | **सामाजिक सुरक्षा तर्फ**<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ को दफा १६(ख) मा भत्ता वितरण गर्दा सम्बन्धित व्यक्तिलाई मात्र वितरण गर्नपर्नेमा अन्य व्यक्तिलाई वितरण गरेको पाइएमा वितरण गर्ने र रकम बुझ्ने दुवैलाई प्रचलित कानून बमोजिम कारबाही हुने व्यवस्था छ ।यस पालिकामा पहिलो किस्ता नगद वितरण गरेकोमा सम्बन्धित व्यक्तिलाई रकम बुझाउनु पर्नेमा धेरै जसो हस्ते गरेर अर्को व्यक्तिलाई बुझाएको देखियो । यसरी सम्बन्धित व्यक्तिलाई बुझाउनु पर्ने अन्यलाई बुझाउदा सम्बन्धित लाभग्राहीले पाएको भन्न सकिने देखिएन ।यस्तो कार्यको पालिकाबाट विशेष ध्यान जानुपर्ने देखिन्छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५८</td><td></td><td></td><td>विवरण अद्यावधिकः-<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ अनुसार बैंक मार्फत वितरण भएको भत्तामा मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा बालिक भई उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्क मार्फत वितरण भएकोमा लागातार एक वर्षसम्म खाता निष्क्रिय भएमा, सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गर्नुपर्ने व्यवस्था उल्लेख भएकोमा पालिकाले बैंक मार्फत वितरण भएको खाताको विवरणमा आर्थिक बर्षको अन्त सम्ममा निष्कृय रहेको खाताको विवरण अद्यावधिक गरेको देखिएन । पालिकाले यस बर्ष सामाजकि सुरक्षाबापत कुल रु २३७४५०९३.०। १ देखि ५ वडा सम्म नगद वितरण गरेको र ६ नम्बर वडाको दोस्रो चौमासिक देखि बैक मार्फत वितरण गरेको छ । सवै वडाको सामाजिक सुरक्षा भत्ता बैक मार्फत वितरण गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरेकोले देहायका वडा दोस्रो चौमासिकमा पहिलो किस्ता रकम वितरण गरेपछि लगत कट्टा गर्नुपर्ने भनि वडा कार्यालयबाट पत्र पठाएकोमा लगत कट्टा नगरी पुनः दोस्रो र तेस्रो किस्ता पनि सोही व्यक्तिकोमा भुक्तानी भएको देखियो । यसरी लगत कट्टा हुनुपर्ने व्यक्तिको नाममा रकम भुक्तानी भएको तथा नागरिकता नम्बर र नाम एउटै भएका व्यक्तिलाई पनि भत्ता वितरण गरेकाले सम्बन्धित वडा सचिवलाई जिम्मेवार वनाई असूल गर्नुपर्ने रु
<table>
<tr><th>नाम</th><th>वडा</th><th>कैफियत</th><th>रकम</th></tr>
<tr><td>थुमकला बोहरा</td><td>२</td><td>१९३०नाम र नागरिकता नम्बर एउटै</td><td>३६०००</td></tr>
<tr><td>भिकारी धामी</td><td>३</td><td>१००१ नाम र नागरिकता नम्बर एउटै</td><td>३६०००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>७२०००</td></tr>
</table></td><td>७२,०००</td></tr>
<tr><td>५९</td><td></td><td></td><td>प्रकोप व्यवस्थापन<br>समिति गठन- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले ऐनमा तोकिए बमोजिमको समिति गठन भएतापनि ६ वटा बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६० | | | **प्रकोप व्यवस्थापन कोष** – <br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात समेत रु ५२१२८०७.० आम्दानी भई रु ५०१३८०७.० खर्च गरी बाँकी रु १९९०१.० देखिन्छ । | |
| ६१ | | | **पि.सि.आर.प्रयोगशालाः-** <br>जिल्ला प्रशासन कार्यालय,बाजुराको च.नं.३३८८ मिति २०७८/२/९ को पत्र बमोजिम मिति २०७८/२/६ को समन्वय बैठकबाट जिल्लामा पि.सि.आर. प्रयोगशाला सञ्चालन गर्न जिल्ला स्तरमा एउटा कोषको स्थापना गर्ने र उक्त कोषमा सवै स्थानीय तहले रु.१० लाख मध्ये कम्तिमा ६० प्रतिशत ६ लाख रकम जेष्ठ १५ गते भित्र र बाँकी ४० प्रतिशत ४ लाख रकम २०७८ भाद्र मसान्त भित्र जिल्ला विपद व्यवस्थापन समितिको खातामा जम्मा गर्ने निर्णयको आधारमा यस पालिकाले रु.६ लाख मिति २०७८/२/१७ गते जिल्ला विपद व्यवस्थापन समितिको खातामा जम्मा हुने गरी रकम पठाएको छ।जिल्ला प्रशासन कार्यालयको निर्णय बमोजिम जिल्लामा लेखापरीक्षण अवधि २०७८ आश्विन १५ गते सम्म पि.सि.आर. प्रयोगशाला सञ्चालनमा आएको छैन । गाउँपालिकाबाट पठाएको रकम जिल्ला प्रशासन कार्यालय अन्तरगत विविध खातामा रहि रहेको छ । जिल्लामा पि.सि.आर. प्रयोगशाला सञ्चालनमा नआएको खण्डमा उक्त रकम फिर्ता गर्नुपर्ने रु. | ६००,००० |
| ६२ | | | **वार्षिक प्रतिवेदन** – <br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६३ | | | **धरौटी श्रेस्ता अद्यावधिक नभएकोः**<br>आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ६८ (१) प्रत्येक कार्यालय प्रमुखले आफ्नो कार्यालयको धरौटी खातामा जम्मा भएको धरौटी रकमको कारोवारको लेखा अनुसूची–१० बमोजिमको ढाँचामा गोश्वारा धरौटी खाता र अनुसूची–११ बमोजिमको ढाँचामा व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राख्नु पर्नेछ । धरौटी रकमको छुट्टै बैङ्क नगदी किताब समेत राखी प्रत्येक वर्ष जिम्मेवारी सार्नु पर्ने, प्रत्येक कार्यालयले आफ्नो कार्यालयको धरौटी खातामा जम्मा भएको धरौटीको मास्केवारी महिना भुक्तान भएको मितिले सात दिनभित्र र धरौटीको आर्थिक विवरण आर्थिक वर्ष समाप्त भएको पैतीस दिन भित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय र सम्बन्धित मन्त्रालय वा विभागमा पठाउनु पर्ने व्यवस्था भएकोमा कार्यालयले धरौटीको खाता अद्यावधिक गरेको देखिएन ।यस तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ । | |
| ६४ | ५ | २०७८-१-१६ | **आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजु**<br>कार्यालयले सिमखेत तटबन्धन उ.सलाई रकम भुक्तानी गर्दा स्वीकृत लागत अनुमान अनुसमार रु ५७४८७१.५ भुक्तान गर्ने सम्झौता भएकोमा, भन्दा बढी रु ५८२४१२.३७ भुक्तानी गरेकोले, सम्झौताभन्दा बढी भुक्तानी भएको रु ८४५०.० असुल गरिनुपर्ने रु | ८,४५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६५ | | | **पेश्कि बाँकीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५१(४) मा फछ्र्यौट हुन बाँकी पेश्की रकमलाई अन्तिम लेखापरीक्षणको प्रतिवेदनमा समावेश गर्नुपर्दछ।कार्यालयले उपलब्ध गराएको पेश्की बाँकीको विवरण अनुसार आर्थिक वर्षको अन्त सम्म फछ्र्यौट हुन बाँकी रहेको निम्नानुसार पेश्की रकम नियमानुसार फछ्र्यौट गर्नुपर्दछ। | |
| ६६ | | | अनुगमन तथा सम्परीक्षण स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ । | |

| सि नं | पेश्कि लिनेको नाम | पद/ठेगाना | प्रयोजन | रकम रु |
|---|---|---|---|---|
| | **म्याद ननाघेको पेश्की** | | | |
| 1 | वि.आर.एस्.कन्स्ट्रक्सन एण्ड सप्लायर्स | | मोबिलाईजेसन | १३३४४६५.० |
| 2 | रोयल कन्स्ट्रक्सन | | मोबिलाईजेसन | २२६००२६.० |
| 3 | सि एम प्याराडाईज प्रशंसा जे भी | | मोबिलाईजेसन | ५४१५०००.० |
| 4 | किँरातेश्वर जागृति जे भी | | मोबिलाईजेसन | ४९१०२४.० |
| **जम्मा** | | | | ९५००५१५.० |

| गत वर्षसम्मको बेरुजू (रु हजारमा) (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (रु हजारमा) (B) | गत बर्षसम्मको बाँकी बेरुजू (रु हजारमा) (C=A-B) |
|---|---|---|
| ३६२३५ | ० | ३६२३५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६७ | | | अद्यावधिक वेरुजु -<br>यस पालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ | |

| गत वर्षसम्मको बाँकी बेरुजू (रु हजारमा) (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (रु हजारमा) (B) | यो वर्ष कायम बेरुजू (रु हजारमा) (C) | संपरीक्षणबाट कायम बेरुजू (रु हजारमा) (D) | अध्याविधक बाँकी बेरुजू (रु हजारमा) (E=A-B+C+D) |
|---|---|---|---|---|
| ३६२३५ | ०० | १५१७२ | ० | ५१४०७ |


https://nams.oag.gov.np